# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०७८/०७९
च. नं.:

मितिः २०७८/०४/२२

## मिति २०७८।०४।२२मा गाउँपालिकास्तरिय CCMC बैठकले गरेका निर्णयहरु

१ जिल्ला स्तरिय कोभिड व्यवस्थापन समितिको मिति २०७८।०४।२० को निर्णयअनुसार मिति २०७८।०४।२३ गते शनिबार राती १२.००बजेदेखि मिति २०७८।०४।३२ गते राती १२.००बजे सम्म जारी भएको निर्णय लाई आधार मानी सत्यवती गाउँपालिकाका सवै वडामा उक्त अवधीभर बन्द गर्ने निर्णय गरियो ।

२.सत्यवती गाउँपालिकाका वडाहरुमा सक्रमित व्यक्तीहरुको दर बढन गएको हुदा प्रभावित क्षेत्रमा एन्टीजेनको परिक्षण दायरा बढाउने निर्णय गरियो ।

३ कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागी सत्यवती गाउँपालिकाका सवै वडाका वडाअध्यक्षको संयोजकत्वमा राजनैतिक दल,जनप्रतिनिधी,शिक्षक,स्वास्थ्यकर्मचारीको टोली बनाई प्रभावित क्षेत्रमा गई जनचेतना फैलाउने निर्णय गरियो ।

४ मठमन्दिरमा दैनिक नित्य पुजा बाहेक अन्य कार्य बन्द गर्ने निर्णय गरियो ।

५ बजारमा दैनिक उपभोग्य बस्तुको मुल्यसुची अनिबार्य सबैले देख्ने गरि टाँस गर्ने ।

६ गाउँपालिका र वडा कार्यालय बाट दिईदै आएको सेवामा अति आवश्यक काम बाहेक अन्य सेवा बन्द गर्ने ।

७.सत्यवती गाउँपालिका भित्रका एम्बुलेन्स हरुलाई २४ सै घन्टा तयारी अवस्थामा राख्ने ।

८कोभिड अस्पतालको लागी डिजिटल एक्स-रे मेशिन तुरुन्त जडान गर्ने ।

९औषधी पसल,दुध,तरकारी,फलफुल पसल बाहेक अन्य व्यवसाय,निर्माण कार्य पुर्ण रुपमा बन्द गर्ने

१० बैक,सहकारी सस्था र बित्तीय सस्थाहरु पुर्ण रुपमा बन्द गर्ने ।

११ दाहसस्कारको लागी घरका व्यक्ती बाहेक १५ जना भन्दा बढी सहभागी नहुने निर्णय गरियो ।

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत